ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

# उसले *रोजेको बाटो* उपन्यासमा वर्गीय द्वन्द्व

उपप्रा. डा. चन्द्रमान श्रेष्ठ

त्रिचन्द्र बहुमुखी क्याम्पस

chandrambs2007@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77324

## लेखसार

प्रस्तुत शोधलेखमा पारिजातद्वारा लेखिएको उसले *रोजेको बाटो* उपन्यासको वर्गीय द्वन्द्वका आधारमा अध्ययन गरिएको छ । यमा मार्क्सवादी विचारधाराअन्तर्गतको महत्त्वपूर्ण अवधारणा वर्गसङ्घर्षका आधारमा उसले *रोजेको बाटो* उपन्यासको अध्ययन गरिएको छ । यस क्रममा उपन्यासमा तत्कालीन नेपाली समाजमा वर्गीय अवस्था, विभेद र शोषणको अवस्था कस्तो रहेको छ भन्ने विश्लेषण गर्नाका साथै सामन्त तथा पुँजीपति वर्ग र सर्वहारा मजदुर वर्गबिचको द्वन्द्वको चित्रण कसरी गरिएको छ भन्ने कुराको खोजी यस लेखमा गरिएको छ । तत्कालीन नेपाली समाजमा विद्यमान आर्थिक असमानता र त्यसले सिर्जना गरेको वर्गीय विभेद तथा त्यसबाट उत्पन्न वर्गीय मानसिकता र द्वन्द्वलाई उसले *रोजेको बाटो* उपन्यासमा कसरी प्रस्तुत गरिएको छ भन्ने जिज्ञासाको प्राज्ञिक समाधान खोज्ने प्रयत्न यस लेखमा गरिएको छ । यस शोधलेखमा ग्रामीणदेखि सहरी परिवेशसम्म सामन्त तथा पुँजीपति वर्गका मानिसहरूले सर्वहारा मजदुर वर्गमाथि चरम शोषण, दमन र षड्यन्त्र गर्ने गरेको र त्यसको उत्पीडनमा परेका निम्नवर्गीय सर्वहारा मजदुर वर्गमा प्रतिरोधी चेतनाको क्रमशः विकास हुँदै वर्गीय मुक्तिको आन्दोलनमा होमिएको युगीन यथार्थलाई उपन्यासमा प्रस्तुत गरिएको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी* : द्वन्द्वात्मक भौतिकवाद, पुँजीपति, वर्गसङ्घर्ष, सर्वहारा, सामन्त

## विषयपरिचय

प्रस्तुत शोधलेखमा पारिजातद्वारा लेखिएको उसले *रोजेको बाटो* (२०३४–०३५) उपन्यासको मार्क्सवादी विचारधाराअन्तर्गत केन्द्रीय अवधारणाका रूपमा रहेको वर्गीय द्वन्द्वका आधारमा अध्ययन गरिएको छ । विसङ्गतिवादी अस्तित्ववादी उपन्यास लेखनको सफल यात्रापछि समाजवादी उपन्यास लेखन यात्राको पहिलो महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको उसले *रोजेको बाटो* उपन्यासमा तत्कालीन नेपाली समाजको वर्गीय यथार्थको चित्रण गरिएको छ । २०३४–०३५ सालमा प्रकाशित भएको यस उपन्यासले तत्कालीन नेपाली समाजको ऐतिहासिक विकासक्रमको एउटा कालखण्डलाई प्रस्तुत गरेको छ । खासगरी वि.सं. २०२६ देखि २०३४ सालबिचको नेपाली समाजको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक अवस्थालाई यस उपन्यासले प्रस्तुत गरेको छ । तत्कालीन नेपाली समाजमा विद्यमान आर्थिक असमानता र त्यसले सिर्जना गरेको वर्गीय विभेद तथा त्यसबाट उत्पन्न वर्गीय मानसिकता र द्वन्द्वलाई उसले *रोजेको बाटो* उपन्यासमा प्रस्तुत गरिएको छ । तसर्थ वर्गीय द्वन्द्वका दृष्टिले यो उपन्यास अध्ययनीय रहेको छ । यही पक्षलाई दृष्टिगत गरी प्रस्तुत आलेखमा उसले *रोजेको बाटो* उपन्यासलाई विवेच्य सामग्री बनाई यसमा वर्गीय द्वन्द्वको प्रस्तुति कसरी गरिएको छ भन्ने जिज्ञासाको प्राज्ञिक समाधान खोज्ने प्रयत्न गरिएको छ ।

## अध्ययनविधि र सैद्धान्तिक पर्याधार

प्रस्तुत शोधलेखमा पारिजातद्वारा लेखिएको उसले *रोजेको बाटो* (२०३४–०३५) उपन्यासको मार्क्सवादी विचारधाराअन्तर्गत महत्त्वपूर्ण अवधारणाका रूपमा रहेको वर्गीय द्वन्द्वका आधारमा अध्ययन गरिएको छ । तसर्थ यहाँ

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

उसले *रोजेको बाटो* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । यस शोधलेखमा वर्गीय द्वन्द्वसम्बन्धी मार्क्सवादी सैद्धान्तिक पर्याधारका लागि विभिन्न विद्वान्हरूद्वारा विभिन्न समालोचनात्मक ग्रन्थमा व्यक्त विचार र उसले *रोजेको बाटो* उपन्यासबारे विभिन्न विद्वान्का समालोचनात्मक लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यी दुवै प्रकारका सामग्रीको सङ्कलनका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । यसरी प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएकाले सङ्कलित सामग्रीको अर्थापनका लागि मूलतः पाठविश्लेषण पद्धति अँगालिएको छ र विषयको पुष्ट्याइँका लागि आगमनात्मक तर्कपद्धतिको उपयोग गर्दै वर्गीय द्वन्द्वलाई सङ्केत गर्ने उपन्यासकै साक्षका आधारमा निष्कर्ष निकाल्ने काम भएको छ । तसर्थ यस लेखमा पारिजातको उसले *रोजेको बाटो* उपन्यासलाई सोद्देश्य नमुना छनोट गरी वर्गीय द्वन्द्वसम्बन्धी मार्क्सवादी मान्यताका आधारमा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ ।

साहित्य विकासको आधार समाज भएकाले समाजका आर्थिक तथा सामाजिक पक्षहरूको प्रभाव साहित्यमा पर्दछ । साहित्यमा समाज विकासको ऐतिहासिक प्रक्रियाको चित्रण गरिएको हुन्छ । साहित्य सिर्जनामा समाजका आर्थिक तथा वर्गीय स्थितिले गहिरो प्रभाव पार्दछन् । मार्क्स–एङ्गेल्सले समाजको मूल स्वरूप आर्थिक संरचनालाई प्रमुख आधार मानेका छन् र कला–साहित्य आदि विचारका विविध रूपहरूलाई यसै आधारमाथि उभिएको अधिरचना मानेका छन् । यस मान्यताअनुसार समाजको आर्थिक ढाँचाले राजनीति, कानुन, साहित्य, कला, धर्म आदि चेतनाका विभिन्न रूपहरूलाई निर्धारण गर्दछ । समाजको आर्थिक ढाँचाको अनुकूल सामाजिक चेतनाका विभिन्न रूप बन्दछन् । समाजको आर्थिक ढाँचामा आएको परिवर्तनले कला–साहित्य आदि चेतनाका विभिन्न रूपहरूमा पनि परिवर्तन ल्याउँछ । कला–साहित्य सामाजिक चेतनाको एउटा रूप भएकाले यसमा हुने परिवर्तनका कारणहरू पनि सामाजिक अस्तित्वमा नै खोज्नुपर्ने हुन्छ । समाजको आर्थिक तथा भौतिक पक्ष र त्यस जगमा उभिएका विचारका विभिन्न रूपहरूबिचको सम्बन्धलाई स्पष्ट पार्दै मार्क्सले भनेका छन् – जीवनका भौतिक साधनहरूको उत्पादन गर्ने तरिकाबाट सामाजिक, राजनीतिक, बौद्धिक जीवनका सबै प्रक्रियाहरू निर्धारित हुन्छन् । मान्छेको चेतनाले उसको अस्तित्वको निर्धारण गर्दैन बरु उसको सामाजिक अस्तित्वले नै उसको चेतनाको निर्धारण गर्दछ (मार्क्स, २०६७, पृ. १) । उनकाअनुसार समाजको जग आर्थिक आधार हो, राजनीति, कानुन, दर्शन, नैतिकता, कला–साहित्य आदि अधिरचनाका विविध रूप हुन् ।

आधार र अधिरचनाबिचको सम्बन्ध सोझो र एकपक्षीय रूपको नभएर द्वन्द्वात्मक प्रकृतिको हुन्छ । आर्थिक आधारको भूमिका प्रधान हुने भए पनि कतिपय अवस्थामा अधिरचनाका विविध रूपहरूको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । कला–साहित्यले एकातिर सामाजिक यथार्थ, सामाजिक सम्बन्धहरू र समाजमा सक्रिय भौतिक वैचारिक शक्तिहरूको क्रियाशीलताको प्रतिविम्बन गर्दछ भने अर्कोतिर आफ्नो प्रभावी रूपमा सामाजिक परिवर्तनको प्रेरक शक्ति र चेतनाको निर्माता पनि हुन्छ (पाण्डेय, २०६७, पृ. १४८) । आर्थिक आधारले मात्र अधिरचनाका विविध रूपहरूलाई प्रभावित पार्ने होइन साहित्य, राजनीति आदि विचारधाराका विविध रूपमा आएको परिवर्तनले आर्थिक आधारलाई समेत प्रभावित गर्दछ । एङ्गेल्सकाअनुसार आधार र अधिरचनाका रूपहरूमा परस्पर क्रिया–प्रतिक्रिया चलिरहन्छ र आर्थिक कारण नै एक मात्र निर्णायक कारण हुँदैन । विचारधाराका रूपले पनि आर्थिक भौतिक धरातललाई प्रभाव पार्दछन् र कतिपय सीमाभित्र त्यसलाई संशोधित पनि गर्न सक्दछन् (मिश्र, २०६७, पृ. १२५) । यस भनाइबाट के स्पष्ट हुन्छ भने समाज विकासको मुख्य कारक तत्त्व आर्थिक आधार भए पनि त्यसको अधिरचनाका

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

विभिन्न तत्त्वहरूसँग निरन्तर अन्तरक्रिया हुन्छ र कतिपय अवस्थामा अधिरचनाका विविध पक्षहरूले आर्थिक आधारलाई पनि प्रभावित पार्ने गर्दछन् ।

आर्थिक आधार र अधिरचनाबिचको सम्बन्ध प्रत्यक्ष कार्य–कारण सम्बन्धमा आधारित यान्त्रिक हुँदैन । यी दुईबिचको सम्बन्ध बहुआयामिक र जटिल प्रकृतिको हुन्छ । समाजको भौतिक उत्पादन र कला साहित्य विकासको असमान सम्बन्धको चर्चा गर्दै मार्क्स भन्छन् – 'कलाका केही शिखरहरूले समाजको आम विकाससँग कदापि मेल खाँदैनन्, भौतिक आधारसँग त्यसको कुनै मेल हुँदैन' (चैतन्य, २०६४, पृ. २१५ मा उद्धृत) । प्राचीन युनान आर्थिक विकासका दृष्टिले तल्लो चरणमा रहेको छ भने कलात्मक विकासको दृष्टिले त्यो धेरै उचाइमा पुगेको देखिन्छ ।

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले समाज वर्गीय चरित्रको भएको र भिन्न वर्गका बिच हुने सङ्घर्षले समाजलाई गतिशील बनाउने कुरा स्वीकार गर्दछ । मार्क्सकाअनुसार अहिलेसम्मको समाजको इतिहास भनेको वर्गसङ्घर्षको इतिहास हो (कम्युनिस्ट पार्टीको घोषणापत्र, सन् १९८६, पृ.२७) । वर्ग भन्नाले उत्पादन साधनहरूसित साझा सम्बन्ध भएका र उत्पादन प्रक्रियामा समान भूमिका खेल्ने मानिसहरूको समूहलाई जनाउँछ (श्रेष्ठ, २०६०, पृ. १३८) । कुनै पनि वर्गविभक्त समाजमा दुईवटा आधारभूत वर्गहरू रहेका हुन्छन्, एउटा उत्पादनका साधनहरूको मालिक वर्ग जसले उक्त साधनहरूमाथि एकाधिकार प्राप्त गरी तिनको सञ्चालन गर्दछ र अर्को वर्ग जो उत्पादनका साधनहरूबाट वञ्चित रहन्छ र उक्त सम्पति मालिकहरूको अधीनस्थ काम गर्ने कामदारहरूको वर्ग हो । कुनै पनि वर्गीय समाजमा शोषक र शोषित वर्गका हितहरू एकदमै बाझिएका हुन्छन् । आफ्नो शोषण र प्रभुत्व कायम राख्नका लागि शोषक वर्गले सङ्घर्ष गर्नुपर्ने हुन्छ भने शोषित र उत्पीडित वर्गले आफ्नो हितलाई अघि बढाउनका लागि शोषकहरूका विरुद्ध बाध्य भएर सङ्घर्ष चलाउनुपर्ने हुन्छ । यसले गर्दा शोषक र शोषित वर्गहरूका माझमा अनिवार्य रूपबाट सङ्घर्ष चल्दछ । यस सङ्घर्षमा संलग्न रहेका दुईवटा प्रमुख वर्गहरूमा एउटा वर्गले पुराना उत्पादन सम्बन्धहरूको प्रतिनिधित्व गरेको हुन्छ भने अर्काले नयाँ उत्पादन सम्बन्धहरूको प्रतिनिधित्व गरेको हुन्छ । त्यसैले पुराना उत्पादन सम्बन्धहरूको घेराबाट समाजलाई मुक्त पारी प्रगतिको बाटोमा अघि बढाउनका लागि वर्गसङ्घर्ष एकदमै आवश्यक र अनिवार्य सर्त बन्न पुग्दछ (श्रेष्ठ, २०६०, पृ. १४२–१४३) । मार्क्सवादले वर्गविभक्त समाजमा वर्गसङ्घर्ष नै सामाजिक विकासको मुख्य प्रेरक शक्तिका रूपमा रहेको कुरालाई स्वीकार गर्दछ । यस मान्यताअनुसार इतिहासमा भएका ठुला–ठुला परिवर्तनहरूको मूलमा वर्गसङ्घर्ष नै रहेको छ ।

मार्क्सवादले कला साहित्य वर्गीय चरित्रको हुने कुरा मान्दछ । वर्गीय समाजमा कला र साहित्यको वर्गीय चरित्र हुन्छ । सचेत वा अवचेतन रूपमा कलाकृतिमा रचनाकारले प्रतिनिधित्त्व गर्ने वर्गको मनोविज्ञान प्रतिबिम्बित भएको हुन्छ (चापागाईं, २०६८, पृ. ३४५) । आजको पुँजीवादी समाजमा विभिन्न वर्गको उपस्थिति रहे पनि मुख्यतः पुँजीपति वर्ग र सर्वहारा वर्ग नै प्रमुख वर्गका रूपमा रहेका छन् । फरक आर्थिक तथा भौतिक अवस्था भएका यी वर्गहरूका बिच परस्पर सङ्घर्ष चलिरहेको हुन्छ । साहित्यको सम्बन्ध समाज र जीवनको यथार्थसित हुन्छ र यथार्थको स्वरूप समाज व्यवस्थाको चरित्रबाट निर्माण हुन्छ । त्यसैले यथार्थको स्वरूप समाज व्यवस्थाको ऐतिहासिक स्वरूपबाट निर्धारित हुन्छ । इतिहासको विकास प्रक्रियामा वर्गसङ्घर्ष केन्द्रीय र निर्णायक हुन्छ (पाण्डेय, २०६७, पृ. १४८–१४९) । वर्गीय समाजमा सामाजिक चेतनाका रूपहरू वर्गीय हुने गर्दछन् र यिनले भिन्न वर्गका भिन्न विचारहरूको एक निश्चित प्रणालीको रूप लिन पुग्दछ । यही प्रणालीलाई विचारधारा भनिन्छ (चैतन्य, २०६४, पृ. २१६) । विभिन्न विचारधारात्मक रूपहरूमा वर्गसङ्घर्षको अभिव्यक्ति हुन्छ । मार्क्सवादले पुँजीवादी समाजमा पुँजीपति वर्ग र सर्वहारा वर्गको सङ्घर्षलाई अनिवार्य ऐतिहासिक प्रक्रिया मान्दछ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

साहित्य सामाजिक यथार्थको प्रतिलिपि नभएर संश्लेषणात्मक रूप हो (फास्ट, २०६७, पृ. १७९) । लेखकले समाजबाट ग्रहण गरेको वस्तु यथार्थलाई जस्ताको तस्तै प्रस्तुत नगरेर आफ्नो विचार तथा चेतनाले परिष्कृत रूप दिएर प्रस्तुत गर्दछ । वस्तुतः इन्द्रियजन्य ज्ञानलाई मान्छेले भावजन्य ज्ञानका रूपमा विकसित गर्छ र पुनः विचारका रूपमा बाहिर ल्याउँछ (बराल, २०६७, पृ. ३०) । मार्क्सवादीहरूका लागि सत्य र वास्तविकता निरन्तर परिवर्तन भइरहने मूल्य हुन् । लेनिनले आफ्नो प्रतिविम्बन सिद्धान्तमा वास्तविकतालाई त्यसको सारतत्त्वसहित बुझ्ने र मूर्त बनाउने कुरामा जोड दिएका छन् । यस सिद्धान्तले बाह्य वास्तविकतालाई अवमूल्यन गर्ने सबै विचारधारामाथि प्रहार गर्दछ र रचनाकारसँग सामाजिक विकासको वस्तुनिष्ठ नियमहरूअन्तर्गत प्रकट हुने बाहिरी वास्तविकतालाई त्यसको सारतत्त्वसहित प्रतिनिधि रूपमा चिन्न र त्यसकै सङ्गतिमा आफ्नो रचनामा त्यसको स्वरूपलाई कलाकारको आफ्नै विशिष्टताअनुरूप चित्रण गर्न आग्रह गर्दछ । रचनामा चित्रित वास्तविकता बाह्य वास्तविकताबाट पृथक नभएर त्यसैको कलात्मक रूप हुन्छ । यो बाह्य वास्तविकताको प्रतिकृति नभएर पनि त्यसैको प्रतिनिधि रूप हुन्छ । कला साहित्यमा वस्तुगत यथार्थको सत्यता कुन रूपमा प्रकट हुन्छ भने त्यसका माध्यमबाट हामीले आफ्नो समय र समाजलाई चिन्ने मात्र नभएर त्यसलाई परिवर्तन गर्न दृष्टिसमेत प्राप्त गर्दछौँ (मिश्र, २०६७, पृ. ११७) । मार्क्सवादी दृष्टिमा यथार्थवाद भनेको बाह्य यथार्थको कोरा प्रतिविम्ब, प्रतिलिपि वा फोटोकपी होइन बरु यो यथार्थको समग्र र संश्लेषित रूप हो (बराल, २०६७, पृ. ३६) । मार्क्सवादी यथार्थवाद मानवतावादी यथार्थवादमा आधारित रहेको छ । यसले मानवतावादलाई अध्यात्मवादी दृष्टिले नहेरी वर्गीय दृष्टिले व्याख्या गर्दछ र सर्वहारावादी मानवतावादमा जोड दिन्छ ।

साहित्यमा लेखकले सामाजिक यथार्थ र सामाजिक सम्बन्धहरूको समग्रताको चित्रण गर्नुका साथै इतिहास प्रक्रियाको दिशाको चित्रण पनि गर्दछ । लेखक सामाजिक प्राणी हो । सामाजिक जीवन वा वस्तु यथार्थ नै कला साहित्यको अखण्ड स्रोत हो । सामाजिक प्राणी भएकाले लेखक सामाजिक जीवनको अभिन्न अङ्ग हो । सामाजिक अन्तरसम्बन्धबिच क्रियाशील प्राणी भएका नाताले एउटा लेखक तथा कलाकार वर्गसङ्घर्षको प्रवाहमा सामेल हुन पुग्दछ । लेखकको मानसिकतामा प्रतिबिम्बित हुने कुराहरू सामाजिक यथार्थकै प्रतिघातका बिम्बात्मक उपज हुन् । लेखक कलाकारले इन्द्रियजन्य ज्ञानलाई एउटा निश्चित प्रक्रियामार्फत् ज्ञानात्मक वा भावात्मक ज्ञानमा फेर्दछ (बराल, २०६७, पृ. ३६) र त्यसको अभिव्यक्ति कला–साहित्यमा गर्दछ । मार्क्सवादी साहित्य चिन्तनमा लेखकको कलात्मक चेतना र सामाजिक चेतनाका बिच एकतामा जोड दिइन्छ । सामाजिक चेतनाको ऐतिहासिक आयामको बोध नै वर्गचेतनाको बोध हो । लेखकले सामाजिक चेतनाको ऐतिहासिक आयामको बोध गर्दै इतिहास विकासको प्रक्रिया र दिशाको बोध गर्दछ । यस क्रममा ऐतिहासिक दृष्टिबाट प्रगतिशील वर्गको चेतनाको स्वरूपलाई ठम्याउने काम पनि गर्दछ, जसलाई जर्ज लुकासले 'सम्भावित चेतना' भनेका छन् । यो सम्भावित चेतना वर्गसङ्घर्षमा संलग्न भएको अग्रगामी वर्गको चेतना हुन्छ । लुकासको यही सम्भावित चेतनालाई गोल्डमानले विश्वदृष्टिको रूपमा प्रयोग गरेका छन् र उनी पुँजीवादी समाजमा सम्भावित चेतनाको पहिचान भएको रचनालाई नै महान् रचना मान्दछन् ।

## परिणाम र विमर्श

पारिजातको उसले *रोजेको बाटो* उपन्यास वि.सं. २०३४–३५ मा 'वेदना' पत्रिकाको पूर्णाङ्क १२–१३ मा प्रकाशित भएको थियो । यस उपन्यासमा नेपाली समाजका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि विभिन्न पक्षको उद्घाटन भएको पाइन्छ । बैँसको मान्छे उपन्यासबाट प्रारम्भ भएको पारिजातको सामाजिक चेतनाले तोरीबारी, बाटा र सपनाहरू उपन्यास हुँदै उसले *रोजेको बाटो* सम्म आइपुग्दा स्पष्ट स्वरूप प्राप्त गरिसकेको पाइन्छ । नेपाली उपन्यास परम्परामा नै पहिलो पटक मजदुर वर्गको समस्यालाई मुख्य विषयवस्तु बनाइएको यस उपन्यासमा

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

नेपाली समाजका विभिन्न पक्षहरू अभिव्यक्त हुन पुगेका छन् । छोटो आयाममा व्यापक परिवेश र घटनाक्रमलाई समेटिएको यस उपन्यासले नेपाली समाजका सामाजिक तथा आर्थिक विकृति र विसङ्गतिलाई प्रस्तुत गरेको छ ।

उसले *रोजेको बाटो* उपन्यासले वि.सं. २०३० को आसपासको नेपाली समाजको युगीन सन्दर्भलाई प्रस्तुत गरेको छ । उपन्यासमा स्पष्ट रूपमा तिथिमिति तोकेर कुनै घटनाको उल्लेख गरिएको छैन । उपन्यासमा घटित विभिन्न घटना तथा गतिविधिहरू र उपन्यासको प्रकाशन मितिलाई दृष्टिगत गर्दा यो उपन्यास वि.सं. २०२६ पछि र २०३२–३३ पूर्वका करिब छ–सात वर्षको समयमा केन्द्रित रहेको छ । नेपालको राजनीतिक इतिहासमा २०१७ सालपछि नेपाल अधिराज्यको संविधान २०१९ ले राजनीतिक दलहरूमाथि प्रतिबन्धको घोषणा गर्‍यो । त्यसपछि राजनीतिक दलहरूले खुला रूपमा आफ्ना राजनीतिक गतिविधिहरू सञ्चालन गर्न पाएनन् । त्यस्ता प्रतिबन्धित वामपन्थी तथा गैरवामपन्थी राजनीतिक दलहरूले २०२६ सालपछि भूमिगत रूपमै आफ्ना राजनीतिक क्रियाकलापहरूलाई तीव्र बनाएका थिए । यही युगीन सामाजिक तथा राजनीतिक यथार्थको पृष्ठभूमिमा तत्कालीन नेपाली समाजमा विद्यमान वर्गसङ्घर्षलाई उपन्यासमा चित्रण गरिएको छ ।

उसले *रोजेको बाटो* उपन्यासमा सामन्त तथा पुँजीपति वर्गबिचको द्वन्द्व र सङ्घर्षलाई निकै सशक्त रूपमा प्रस्तुत गरिएको छ । आर्थिक रूपले असमान समाजमा युगौँदेखि व्याप्त वर्गीय द्वन्द्वको पर्यवेक्षण गर्दै बहुसङ्ख्यक निम्नवर्गीय जनताको मुक्तिका निम्ति क्रान्ति वा युद्धको अपरिहार्यतालाई उपन्यासले प्रस्तुत गरेको छ । नेपाली समाज शाताब्दीयौँदेखि वर्गीय द्वन्द्वको चापमा विकसित हुँदै आएको छ । त्यो द्वन्द्व आर्थिक रूपले विभाजित सामन्त तथा पुँजीपति वर्ग र सर्वहारा वर्गका बिच हुँदै आएको छ । समाजमा प्रभुत्वशाली सामन्त तथा पुँजीपति वर्गले जहिल्यै पनि आफ्नो स्वार्थबमोजिम सर्वहारा मजदुर वर्गमाथि षड्यन्त्रपूर्वक शोषण र दमनको जाल फि“जाइरहन्छ । यसले गर्दा समाजमा दिनप्रतिदिन धनीहरूको अवस्था सुध्रदै गएको छ भने गरिबहरूको अवस्था झन्झन् बिग्रदै गएको छ । समाजमा विद्यमान आर्थिक असमानता र त्यसले सिर्जना गरेको वर्गीय विभेद तथा त्यसबाट उत्पन्न वर्गीय मानसिकता र द्वन्द्वलाई उसले *रोजेको बाटो* उपन्यासमा प्रस्तुत गरिएको छ ।

उसले *रोजेको बाटो* उपन्यासमा मूलतः सामन्त तथा पुँजीपति वर्ग र मजदुर वर्गबिचको द्वन्द्वलाई देखाइएको छ । भवानीप्रसाद पाण्डेकाअनुसार “यस उपन्यासमा सामन्तवाद र विभिन्न खाले प्रतिक्रियावादको पिसाइले जन्माएको द्वन्द्व र त्यसबाट मुक्तिको खोजी गर्ने क्रममा शोषक र शोषित वर्गका बिचमा आन्तरिक रूपमा चलेको द्वन्द्वलाई समेटिएको छ” (२०६४, पृ. २७५) । उपन्यासमा पुँजीपति वर्गको प्रतिनिधित्व होटल मालिकहरूले गरेका छन् भने होटल ब्वायहरूले मजदुर वर्गको प्रतिनिधित्व गरेका छन् । होटल मालिकहरूमा पुँजीवादी शोषणको प्रवृत्ति चरम रूपमा पाइन्छ । उनीहरू मजदुरहरूलाई रातदिन काममा जोताउँछन् तर उचित पारिश्रमिक दिँदैनन् । बासी र सडेगलेको खाना खुवाउँछन् । सकुन्जेल काममा लगाउँछन् र कोही बिरामी परे उपचार गर्नुको साटो कामबाट नै निकालिदिन्छन् । आफ्ना विरुद्धमा आवाज उठाउने मजदुरहरूलाई विभिन्न षड्यन्त्र गरी कामबाट नै निकालिदिन्छन् । भारतको कोलकाता सहरदेखि काठमाडौंका विभिन्न होटल मालिकहरूमा पनि यस्तो प्रवृत्ति उस्तै रूपमा पाइन्छ ।

उपन्यासको मुख्य पात्र ज्ञानबहादुरले कोलकातादेखि काठमाडौंसम्मका होटलहरूमा काम गर्दा मालिकको षड्यन्त्र र शोषण सहनुपरेको छ । कोलकातामा छँदा नै उसले धनी र गरिबबिचको विभेद र धनीले गरिबहरूमाथि गर्ने शोषणलाई बोध गरिसकेको थियो । त्यहाँ रहँदा उसले धनी र गरिबबिचको सम्बन्धलाई यसरी बुझेको छ, “उसले अहिलेसम्म देखेको संसारमा गरिब सबै एकै रहेछन्, एउटै रहेछन्, सबैको जीवन कुकुरको भन्दा घटिया रहेछ, सबैलाई ठुला मान्छेहरूले बेस्कन हेप्दा रहेछन्” (पारिजात, २०५४, पृ. ६६) । उसले कोलकातामा भएको विद्रोह

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

देखेको छ । त्यहाँ रहँदा उसले विद्रोही स्वभावको बङ्गाली युवक शम्भुदाबाट झिल्काझिल्की विद्रोहको पाठ सिकिसकेको छ । बङ्गाली युवक शम्भुदा विद्रोही स्वभावको छ । उसले पुँजीवादी असमानता र शोषण नै आफ्नो वर्गको दुःखको मूल कारण हो भन्ने कुरा राम्ररी बुझेको छ । उपन्यासमा भावावेशमा आएर ऊ ज्ञानबहादुरसँग यस्तो अभिव्यक्ति दिन्छ, "यी ठुल्ठुला एभेन्युतिर बस्ने यी साला धनी मानिसहरू सबै चोर हुन्, हत्यारा हुन्, यिनीहरू सबैलाई एक एक गर्दै मार्नुपर्छ अनि मात्र हामी गरिबहरूले सुख पाउँछौँ" (पृ. ६३) । शम्भुदाको मनमा वर्गीय घृणा चरम रूपमा रहे पनि उसले धनी र गरिबबिचको विभेदलाई प्रवृत्तिगत रूपमा विश्लेषण गर्न सकेको छैन । उसको यस भनाइमा वैचारिक परिपक्वताभन्दा आक्रोश बढी भेटिन्छ । केही धनी व्यक्तिहरूलाई मारेर गरिबहरूले मुक्ति पाउँछन् भन्ने भ्रममा ऊ रहेको छ । मूल कुरा त पुँजीवादी शोषणको प्रवृत्तिलाई अन्त्य गर्नु हो भन्ने कुरालाई उसले बोध गर्न सकेको छैन । तर जे भए पनि उपन्यासमा उसले ज्ञानबहादुरमा विद्रोहको बीजाङ्कुर भने गराइदिएको छ ।

इसाई मिसनरीको खोल ओढेर धर्म प्रचार गर्न भनी क्षमादेवी गाउँ पुगेको ज्ञानबहादुरलाई त्यहाँ भेट भएको विद्यार्थी युवकले वर्गीय शोषणको सारलाई यसरी स्पष्ट पारिदिन्छ, "तपाईंले कुरै बुझ्नुभएको रहेनछ । धनीहरूको अवस्था सप्र"दै गएपछि गरिबको बिग्रदै जाने त नियम नै छ नि । एकैचोटि दुईतिर त कहाँ सप्रन्छ र ?" (पृ. ९१) । धनीहरूले गरिबहरूको शोषण गरेर नै धनी बनेको यथार्थलाई विद्यार्थी युवकको यस भनाइले स्पष्ट गरेको छ । क्षमादेवी गाउँमा भेट भएको त्यस विद्यार्थी युवकले ज्ञानबहादुरले ओढेको इसाई मिसनरी खोल हटाइदिन्छ भने उसभित्र रहेको आक्रोश र विद्रोहलाई परिष्कृत र परिमार्जित गरिदिन्छ ।

ज्ञानबहादुरले काठमाडौंका होटलहरूमा पनि शोषणको उस्तै स्वरूप देख्दछ । ऊ यहाँ पनि होटल मालिकहरूले मजदुरमाथि गरेको शोषण देखेर निकै छट्पटिन्छ । होटल मालिकहरू मजदुरहरूलाई रातदिन काममा जोताउँछन्, बासी खाना खुवाउँछन्, उचित पारिश्रमिक दिँदैनन् अनि बिरामी भएर काम गर्न नसक्ने भए उपचार नगरी होटलबाट नै निकालिदिन्छन् र अलपत्र अवस्थामा छाडिदिन्छन् । तत्कालीन सामाजिक संरचनाका कारण मजदुरहरू होटल मालिकको यस्तो व्यवहारको विरोध गर्न सक्दैनन् तर मनमनमा विद्रोहको आगो सल्काएर बस्दछन् । मजदुरहरूको मनमा पलाएको त्यस विद्रोहको भावलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "यस होटलमा काम गर्न थालेदेखि ज्ञानेको मनमा विद्रोहको आगो सल्कन थाल्छ । शोषणको अनुहार ऊ सजिलैसँग चिन्न थाल्छ" (पृ. ९८) । मजदुरहरूको मनमा रहेको त्यस विद्रोहलाई होटलमा भएको रामबहादुर काण्डले आक्रोशमा परिणत गरिदिन्छ । बिरामी भएर काम गर्न नसकेको रामबहादुरलाई होटल मालिकले षड्यन्त्रपूर्वक होटलबाट निकालिदिन्छ र बेवारिसे अवस्थामा अलपत्र बनाएर छाडिदिन्छ । होटलको क्याप्टेनबाहेक अरू सबै ब्वायहरूले रामबहादुरलाई माया गर्छन् र उसलाई अलपत्र अवस्थामा छाडेर आउने क्याप्टेनलाई कुट्न खोज्छन् । होटलमा भएको यस घटनाले मजदुरहरूमा क्रमशः विकसित हुँदै गएको वर्गीय चेतनालाई सङ्केत गरेको छ । त्यस घटनाबाट मजदुरहरूको मनमा उत्पन्न भएको आक्रोशलाई ज्ञानबहादुरले गरेको अनुभूतिको यस्तो वर्णनबाट स्पष्ट हुन्छ :

> रामबहादुर कान्डदेखि ज्ञानेलाई यस होटलमा पटक्क खुसी लाग्दैन । घरीघरी उसको छाती फराकिलो भएर आइरहन्छ कसलाई हिर्काऊँ, कसलाई पिटूँ जस्तो । आफूलाई अस्वाभाविक पाइरहन्छ ऊ । मालिकसँग जम्काभेट हुँदा उसलाई मालिकको अनुहारमा थुकिदिऊँ जस्तो लाग्छ, असह्य घृणा हुन्छ । ऊ त मालिकलाई मान्छे जस्तै देख्दैन, ब्वाँसो जस्तो देख्छ । यो होटल अब उसलाई अजीर्ण हुन्छ । (पृ. १०१)

होटलमा मजदुरहरूमाथि भएको शोषणको विरोध हुने भएपछि होटल मालिकले षड्यन्त्रपूर्वक ज्ञानबहादुरलाई अर्को पा"चतारे होटलमा सारिदिन्छ । त्यस होटलमा पनि सुनको ओमेगा घडी हराएको विषयमा

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
सेक्युरिटी अफिसरले पटक–पटक 'होटलको इज्जतको सवाल छ' (पृ. ११४) भन्दै होटल ब्वायहरूलाई अपराधीलाई झैं केरकार गर्न थालेपछि ज्ञानेले यस्तो जवाफ दिन्छ, "होटलको मात्र इज्जतको सवाल छैन सर हामी ब्वायहरूको पनि इज्जतको सवाल छ, तपाईंको पनि इज्जतको सवाल छ । होटल मात्र के हो र ? मालिक मात्र के हो र ? होटलको इज्जत मात्र देशको इज्जत ? तपाईं हाम्रो इज्जतको नि ?" (पृ. ११६) । यसरी ज्ञानबहादुरले जुन होटलमा पनि मालिकद्वारा मजदुरहरूमाथि चर्को शोषण र दमन गरिएको देख्दछ । यी घटनाहरूले ज्ञानबहादुरमा होटल मालिकहरूप्रतिको आक्रोश झन् तीव्र बनेर जान्छ । अब उसलाई होटलको जागिरप्रति नै वितृष्णा उत्पन्न हुन्छ । यसै क्रममा ज्ञानबहादुरको भेट नयाँ साथीसँग हुन्छ । नयाँ साथी समाजमा विद्यमान वर्गीय विभेद र शोषणको सटिक विश्लेषण गर्न सक्ने वैचारिक परिपक्वता भएको पात्र हो । उसले ज्ञानेलाई समाजको वर्गीय स्वरूप र वर्गसङ्घर्षका बारेमा स्पष्ट बताइदिन्छ तथा धनी र गरिबबिचको युद्ध अनिवार्य भएको कुरा प्रस्ट पारिदिन्छ । यसरी नयाँ साथीसँग भेट भएपछि ज्ञानेभित्रको आक्रोश र विद्रोहले वर्गीय स्वरूप प्राप्त गर्दछ । यसै क्रममा नयाँ साथी तथा अन्य क्रान्तिकारीहरूसँगको निरन्तरको सम्पर्क र अन्तक्रियापछि एक दिन ज्ञानबहादुर वर्गीय युद्धका निम्ति तयार हुन्छ र भूमिगत जीवनलाई अँगाल्दछ ।

उपन्यासका अत्यन्त गौण पात्रमा पनि वर्गीय चेतना प्रबल रूपमा जागृत भएको पाइन्छ । क्रिस्चियन साम्राज्यवादको मन्द विषले लठ्ठ भएर नेपाल फर्किएको ज्ञानबहादुरले वीरगन्जमा एक जना बटुवालाई रिक्सामा सँगै बस्न आग्रह गर्छ र शान्ति, प्रेम र क्षमादानको आदर्श फलाक्छ । उपन्यासमा एक पटक मात्र देखा पर्ने उक्त पात्रमा पनि वर्गीय घृणा तीव्र रूपमा रहेको पाइन्छ । ज्ञानबहादुरका कुरा सुनेर उसले मनमनै यस्तो सोचेको छ :

> यो कस्तो अनौठो कुरा ए ! सबैलाई माया गर भन्ने । उसको स्वास्नीको कानको सुन क्वाप्लाक्क खाएर ठाडै पचाइदिने गाउँको साहुलाई त ज्यान गए माया गर्न सक्तैन । मान्छे लगाएर गाउँको मुखियाले उसलाई रगत छादुन्जेल कुट्दा पनि उजुरी नसुन्दिने गाउँको सतासीको गए गर्दन जाला भलो चिताउन त सक्तैन । अहँ ऊ कुनै पनि जाली फटाहालाई क्षमा गर्न सक्तैन (पृ. ८७) ।

उपन्यासमा छोटो समय मात्र देखापरेको त्यस बटुवा ग्रामीण शोषक र सामन्तहरूको शोषणको चर्को मारमा परेको छ । उसले टाउकाभरि साहुको ऋण बोकेको छ । ऊ साहुको ऋणबाट छुटकारा पाउने आशा लिएर रोजगारीको खोजीमा वीरगन्ज आएको हुन्छ । उसमा ग्रामीण शोषक र सामन्त वर्गप्रति तीव्र घृणा रहेको छ ।

उसले *रोजेको बाटो* उपन्यासले नेपाली समाजको वर्गीय संरचनाको स्पष्ट चित्र खिँच्नुका साथै आर्थिक असमानताका कारण उत्पन्न वर्गीय भेद र द्वन्द्वलाई पनि सशक्त रूपमा प्रस्तुत गरेको छ । उपन्यासको प्रारम्भदेखि नै वर्गीय द्वन्द्वले स्पष्ट स्वरूप प्राप्त गरेको छ । ज्ञानबहादुर, शम्भुदा, बटुवा, विद्यार्थी युवक, नयाँ साथी जस्ता पात्रहरू वर्गीय चेतनाले परिपोषित देखिन्छन् । उपन्यासमा होटल मालिक र मजदुरबिचको द्वन्द्वलाई सबल र प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ । होटल मालिक र मजदुरबिचको यस द्वन्द्वको मूल कारण समाजमा विद्यमान आर्थिक असमानता नै हो भन्ने कुरालाई उपन्यासले व्यक्त गरेको छ । होटल मालिक जस्ता पुँजीपति वर्गको हित संरक्षणमा लागेको शासनसत्ताको अन्त्य नभएसम्म मजदुर वर्गको मुक्ति सम्भव नभएको निष्कर्ष उपन्यासमा प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

उसले *रोजेको बाटो* उपन्यासमा वर्गीय द्वन्द्वको सघन प्रस्तुति पाइन्छ । तत्कालीन नेपाली समाजको युगीन यथार्थलाई प्रस्तुत गरेको यस उपन्यासमा सामन्त तथा पुँजीपति वर्ग र निम्नवर्गीय सर्वहारा मजदुर वर्गबिचको द्वन्द्व र सङ्घर्षलाई प्रस्तुत गरिएको छ । सामन्त तथा पुँजीपति वर्गको प्रतिनिधित्व होटल मालिक तथा ग्रामीण क्षेत्रका

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

साहुहरूले गरेका छन् भने सर्वहारा वर्गको प्रतिनिधित्व होटल मजदुरहरूद्वारा गरिएको छ । होटल मालिकहरू आफ्नो स्वार्थ पूरा गर्न मजदुरहरूमाथि चरम शोषण र दमन गर्दछन् । कोलकातादेखि काठमाडौंसम्मका होटल मालिकहरूमा यस्तै प्रवृत्ति देखिन्छ । अर्कोतर्फ सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने होटल मजदुरहरू होटल मालिकको शोषण र उत्पीडन सहन बाध्य छन् । वर्गीय चेतनाको विकाससँगसँगै मजदुरहरू आफूमाथि भएको शोषण र उत्पीडनको मुख्य कारण पुँजीपति वर्ग भएको र तिनको संरक्षणमा जुटेको राज्यसत्ताको अन्त्य नभएसम्म आफ्नो मुक्ति असम्भव रहेको निष्कर्षमा पुगी निर्णायक युद्धका लागि भूमिगत जीवनलाई अँगाल्दछन् । यसरी पुँजीपति वर्गको प्रतिनिधित्व गर्ने होटल मालिकहरू र सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने मजदुरहरूबिचको सङ्घर्षलाई सशक्त रूपमा प्रस्तुत गरेकाले वर्गीय द्वन्द्वका दृष्टिले उसले *रोजेको बाटो* उपन्यास उत्कृष्ट बन्न पुगेको छ ।

## सन्दर्भसामग्री


चापागाईं, निनु (२०६८), *दलित सौन्दर्यशास्त्र र साहित्य*, साझा प्रकाशन ।

चैतन्य (२०६४), *मार्क्सवादी कलादृष्टि र समीक्षा*, ऐरावती प्रकाशन प्रा.लि. ।

ढकाल, घनश्याम (२०८०), *मार्क्सवादी सौन्दर्यशास्त्रको विवेचना र अन्य रचना*, घनश्याम ढकाल सांस्कृतिक प्रतिष्ठान ।

पाण्डे, भवानीप्रसाद (२०६४), *पारिजातका उपन्यासमा समाजवादी यथार्थवाद*, अल्टिमेट मार्केटिङ्ग प्रा. लि ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र*, साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (२०६७), साहित्य र सर्वहारा (सम्पा.) निनु चापागाईं, *मार्क्सवादी साहित्य चिन्तन*, साझा प्रकाशन ।

पारिजात (२०३४), उसले *रोजेको बाटो*. सङ्कलन तथा पुनर्मुद्रण, पारिजातका सङ्कलित रचनाहरू (सम्पा.), पवन चाम्लिङ, निर्माण प्रकाशन ।

फास्ट, हावर्ड (२०६७), *साहित्य र यथार्थ* (सम्पा.), निनु चापागाईं, *मार्क्सवादी साहित्य चिन्तन*, साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६७), *मार्क्सवाद र उत्तरआधुनिकतावाद* (दो.सं.), साझा प्रकाशन ।

मार्क्स, कार्ल (२०६७), *सामाजिक अस्तित्व र सामाजिक चेतना* (सम्पा.), निनु चापागाईं, *मार्क्सवादी साहित्य चिन्तन*, साझा प्रकाशन ।

मार्क्स, एङ्गेल्स (१९८६), *कम्युनिस्ट पार्टीको घोषणापत्र* (ते.सं.) अनु. कृष्णप्रकाश श्रेष्ठ, अग्निपरीक्षा जनप्रकाशनगृह प्रा.लि. ।

मिश्र, शिवकुमार (२०६७), *मार्क्सवादी कलाचिन्तन र साहित्य समीक्षाको विकास* (सम्पा.) निनु चापागाईं, *मार्क्सवादी साहित्य चिन्तन*, साझा प्रकाशन ।

श्रेष्ठ, कृष्णदास (२०६०), *ऐतिहासिक भौतिकवाद* (दो.सं.), जन साहित्य प्रकाशन केन्द्र ।


*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*